**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं. २७४

पुनरावेदन नं. ०७७-RB-००१०

पुनरावेदन दर्ता मितिः-२०७७।०४।११

**मुद्दाः– अग्रिम कर कट्टी (२०७१/०७२)।**

का.जि.का.म.न.पा. वडा नं. २, गैह्रिधारा स्थित सनराइज बैंक लि. को तर्फबाट अख्तियार प्राप्त ऐ. बैंकका प्रमुख कार्यकारी अधिकृत वर्ष ५५ को जनक शर्मा पौडेल........................................................................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..........................................१ }
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौ..........................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालय निर्णय मिति : २०७६।०२।२३

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं

निर्णय गर्ने अधिकारी : महानिर्देशक श्री विनोद बहादुर कुँवर

निर्णय मिति : २०७६।११।१८

**<u>उपस्थित कानून व्यवसायीहरु</u>**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री प्रकाश रेग्मी

प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः** ×

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।११।१८ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. करदाता सनराइज बैंक लिमिटेडले आ.व. २०७१/०७२ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार ठूला करदाता कार्यालय, ललितपुरमा मिति २०७२।०९।३० मा आय विवरण पेश गरेको।

२. करदाताबाट पेश हुन आएको आयकर विवरणसाथ संलग्न कागजात, फाँटवारी तथा प्रमाणहरूको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाई विचार गर्दा प्रस्तुत करदाताको आ.व. २०७१/०७२ मा श्रोतमा कर कट्टी गरी दाखिला नगरेको कर रकम रू.७७,३८९।- माग गर्नुपर्ने देखिएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद/ प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५(पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७६।०२।०७ मा सुचना जारी भएको।

३. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६।०२।०७ मा जारी भएको सूचना करदाताले मिति २०७६।०२।०९ मा बुझी लिई सूचनाको जवाफ करदाताले मिति २०७६।०२।१७ मा पेश गरेको।

४. करदाताको आय वर्ष २०७१।०७२ को लागि जम्मा अग्रिम कर रु.७७,३८९।— (सतहत्तर हजार तीन सय उनानब्बे रुपैया) दाखिला गर्न आयकर ऐन,२०५८ को

दफा ९०(८) बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६।०२।२३ मा भएको निर्णय ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७६।०२।२३ मा जारी गरेको आ.व. २०७१/०७२ को अग्रिम कर तर्फको अग्रिम कर दाखिला गर्ने आदेशमा चित्त नबुझी करदाता सनराइज बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६।०३।२२ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेको।

६. करदाता बैंकले लापरवाहीपूर्वक गरेको नभई भुलवश विवरण पेश गरेको कारण कर दायित्वमा फरक परेकोले आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क तथा सो रकममा सोही ऐनको दफा ११९ वमोजिम व्याज समेत माग गर्ने गरी शुरु कर कार्यालयबाट भएको निर्णय कानून सम्मत देखिएको हुंदा निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत वेहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।११।१८ मा भएको निर्णय ।

७. करदाता बैंकले कुनै विवरण नलुकाएको र झुठा वा भ्रमपूर्ण विवरण दाखिला नगरेको, करदाताले बुझाएको विवरण झुठा रहे नरहेको तथ्यलाई प्रमाणित नै नगरी र गुठी संस्थान जस्तो गैर नाफा मूलक संस्थालाई भुक्तान गरिएको व्याजमा कानूनत अग्रिम कर कट्टी गर्नु नपर्ने मानी एंव कर कट्टी नगरेको विषयको भुक्तानीमा अग्रिम कर असुली गरी कर दाखिला नगरेको भनी आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाउने गरी शुरु कर कार्यालयबाट भएको आदेश र सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानर्देशकबाट भएको निर्णय समेत गैरकानूनी हुंदा खारेज गरी पाउँ भन्ने समेत वेहोराको करदाताका तर्फबाट यस न्यायाधिकरणमा मिति २०७७।०४।११ मा दायर गरेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।०९।२४ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

९. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता सनराइज बैंक लि. का तर्फबाट उपस्थित हुनुभएका

विद्वान अधिवक्ता श्री प्रकाश रेग्मीले करकट्टी नगरेको भुक्तानीमा अग्रिम कर असुली गरी कर दाखिला नगरेको भनी आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाउने गरी शुरु कर कार्यालयबाट भएको अग्रिम कर माग गर्ने आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको अग्रिम कर माग गर्ने आदेश र सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय कानून सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१०. पुनरावेदकका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा यसमा शुरु ठूला करदाता कार्यालय ललितपुरको निर्णय तथा सोलाई सदर गर्ने गरी भएको आन्तरिक राजस्व विभागका महानिर्देशकको निर्णय मिलेको छ छैन ? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन ? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो ।

११. निर्णय तर्फ विचार गर्दा, करदाताले अग्रिम करमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाएको मिलेन भनी एक मात्र पुनरावेदन जिकिर लिएको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १२० मा "*कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट उल्लिखित जानकारी भ्रमपूर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्नेछ*" भन्ने कानूनी व्यवस्था गर्दै खण्ड (क) मा "*जानाजानी वा लापरवाहीपूर्वक गरेको नभई भूलवश झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत*" भन्ने कानूनी व्यवस्था गरिएको पाईयो। यो व्यवस्था करदाताले झुठ्ठा वा भ्रमपूर्ण विवरण दाखिला गरेको प्रष्ट भएमा त्यस वापत जरिवाना सरह लाग्ने शुल्क देखिन्छ। उक्त शुल्क झुठ्ठा वा भ्रमपूर्ण आय विवरण पेश गरी करको दायित्व घटाएको वा कम गरेको अवस्थामा लाग्ने भए पनि दाखिल गर्नुपर्ने अग्रिम कर दाखिल नगरेकोमा लाग्ने नलाग्ने के रहेछ भनी हेर्नुपर्ने देखियो। आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) मा "*तथा अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीमा कर कट्टी नगरेकोमा दफा १२० बमोजिमको शुल्क समेत*" भन्ने

वाक्यांश आर्थिक ऐन, २०७७ बाट मात्र थप भएको देखिन आयो। उक्त कानूनी व्यवस्था मिति २०७७।०४।०१ बाट प्रारम्भ भएको देखिँदा अग्रिम कर कट्टी गर्ने भुक्तानीमा दफा १२० को शुल्क लाग्ने कानूनी व्यवस्था प्रारम्भ हुनु भन्दा अघिको आ.व. २०७१।०७२ को हकमा मिति २०७६।२।२३ मा अग्रिम कर माग गर्दा दफा १२०(क) को शुल्क समेत गणना गरी कर निर्धारण गरेको आदेशमा कानूनको पश्चातदर्शी असर (**Retrospective Effect)** पर्ने गरी प्रयोग गरेको त्रुटी विद्यमान देखिँदा सो हदसम्म उक्त निर्णय न्यायोचित देखिएन।

१२. तसर्थ माथि विवेचित आधार एवं कारण समेतबाट करदाता सनराइज बैंक लिमिटेड (स्थायी लेखा नं.३०२६६९७७०) को आ.व.२०७१।०७२ को आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर माग गर्दा ठूला करदाता कार्यालयले आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क समेत लगाएको मिति २०७६।०२।२३ को निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।११।१८ मा भएको निर्णय समेत मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

## <u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम करदाता सनराइज बैंक लिमिटेड (स्थायी लेखा नं. ३०२६६९७७०) को आ.व. २०७१/०७२ को आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम ठूला करदाता कार्यालयबाट मिति २०७६।०२।२३ मा अग्रिम कर माग गर्दा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क समेत लगाएको हदसम्म उक्त निर्णय र सोही निर्णय सदर हुने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।११।१८ मा भएको निर्णय समेत सो हदसम्म उल्टी हुने ठहरी फैसला भएकोले करदाताले आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क बुझाउनु नपर्ने हुँदा सो वापतको रकम हिसाब गरी करदाताको अर्को आ.व. को हिसाबमा मिलान गरिदिनु भनी शुरु ठूला करदाता कार्यालयमा लेखी पठाइदिनू।
२. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल ठूला करदाता कार्यालय पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलाश अधिकृतः सनिता लामा
कम्प्यूटर अपरेटरः चन्द्रबहादुर नेपाली
फैसला भएको मितिः-२०७९।१२।१४।३
फैसला प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप